शिवनाथ गाउँपालिका
SHIVANATH RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi
Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०८१/०८२
सूचना नं. (Information. No) :- ३६

## लक्षित वर्ग तथा अन्य वर्ग सीप विकास तथा प्रविधि सहयोग अन्तर्गत व्यावसायीक मौरिपालन कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।।

*(प्रथम पटक प्रकाशित मिति २०८१/११/०९)*

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, अन्तर्गत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन माहाशाखाको आर्थिक सहयोगमा यस शिवनाथ गाउँपालिका द्वारा सञ्चालित लघु, घरेलु उद्योगमा आधारित सीप विकास तथा प्रविधि सहयोग कार्यक्रम तथा शिवनाथ गाउँपालिकाको सहकार्यमा लक्षित वर्ग तथा अन्य वर्ग मागमा आधारित सीप विकास तथा प्रविधि सहयोग अन्तर्गत व्यावसायीक मौरिपालन कार्यक्रम सञ्चालन हुने भएकाले ईच्छुक उद्यमीहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आ-आफ्नो वडा कार्यालय तथा गाउँपालिकाको लघु उद्यम विकास शाखामा कार्यालय समय भित्र आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

*क) शिवनाथ गाउँपालिकाको सहकार्यमा लक्षित वर्ग तथा अन्य वर्गका लागि व्यावसायिक मौरिपालन सीप विकास तालिम तथा प्रविधि सहयोग कार्यक्रमः-*

स्थानीय तहमा लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्त्रण कार्यविधि, २०८१ को अनुसुची १ (दफा ४ को उपदफा (२) र अन्य संग सम्बन्धित) ढाँचामा आवेदन पेश गर्नुपर्ने र सो आवेदनको ढाँचा यसैसाथ संलग्न गरिएको छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः-**

१. नेपाली नागरिकता वा पहिचान प्रमाणपत्रको प्रतिलिपि,
२. तालिम पश्चातको व्यावसायीक योजना (दुई पेज),
३. लक्षित वर्ग/समूह खुल्ने कागजात,
४. एडभान्स तालिमका लागि आधारभूत तालिम हासिल गरेको प्रमाण पत्रको प्रतिलिपि,
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

२०८१/११/०९

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री सूचना प्रविधि शाखा — पत्र वेवसाईटमा अपलोड गरिदिनहुन ।

# सशस्त्र प्रहरी बलद्वारा विपद जोखिम न्यूनीकरण सम्बन्धि जानकारी

■ अग्नी संवाददाता

धनगढी, ८ फागुन- सशस्त्र प्रहरी बल आर्मित गुल्म बाजुराद्वारा विद्यार्थीहरूलाई विपद् जोखिम न्यूनीकरणका लागि विद्यालयका विद्यार्थीहरूलाई प्रशिक्षण दिएको छ। बालमन्दिर आधारभूत विद्यालयका विद्यार्थीहरू तथा सर्वसाधारण नागरिकहरूलाई विपद् जोखिम न्यूनीकरणको बारेमा जानकारी गराएको छ। त्यसबाट आगलागी तथा प्राकृतिक प्रकोपको समयमा र प्रकोपपछि आउन सक्ने परिस्थितिलाई उचित व्यवस्थापन गर्न पूर्वतयारीका बारेमा डेमो प्रदर्शनी गरिएको सशस्त्र प्रहरी आर्मित गुल्म बाजुराका हिएमची श्याम रावतले बताएका छन्।

विद्यालय तहबाटै विद्यार्थीहरूले विपद् जोखिम न्यूनीकरणका सैद्धान्तिक सँगै व्यवहारिक ज्ञान जान्न आवश्यक छ। यस्ता प्रशिक्षणले अपठ्यारो अवस्थामा आफू कसरि बच्ने र अप्ठ्यारो परिस्थितिको सामना कसरि गर्ने भन्ने विषयमा विद्यार्थीहरूलाई जानकारी गराएको उनले बताए। विपद् व्यवस्थापन कार्यमा विपद्पछि उद्धारको कार्य गरिनु मात्र नभई विपद् आफैं घरबाट जोगिनको लागि जनचेतना मूलक कार्यक्रमको आयोजना गरिएको हिएमची रावतले बताए। विद्यालयले विभिन्न विषयमा जनचेतनामूलक कार्यक्रम, अतिरिक्त क्रियाकलाप, शैक्षिक भ्रमण, वार्षिकोत्सव लगायतका काम गर्दै आएको शिक्षक जलबान ऐडीले बताएका छन्।

विद्यालयमा जनचेतनामूलक कार्यक्रमले आफूहरूले आपतकालिन अवस्थामा आइपर्ने समस्याबाट कसरी बच्ने र समस्या न्यूनीकरणका लागि के कस्ता उपायहरू हुन्छन् भन्ने विषयमा जानकारी पाएको विद्यार्थीले बताएका छन्। सशस्त्र प्रहरी बल बाजुराले घरमा प्रयोग हुने ग्यास सिलिन्डरमा आगो लागेको अवस्थामा कसरी नियन्त्रणमा लिने भन्ने विषयमा व्यवहारिक अभ्यासको प्रदर्शन गरेको थियो। उक्त कार्यक्रममा विद्यार्थीहरूले आगलागी नियन्त्रणका क्रममा प्रयोग हुने सामाग्रीहरूको अवलोकन गरेका थिए।

# स्व. डा. शिवदत्त जोशीको श्रद्धाञ्जली सभा

■ अग्नी संवाददाता

धनगढी, नेपाल नेत्रज्योति संघ कैलालीले स्व. डा. शिवदत्त जोशीको श्रद्धाञ्जली सभा सम्पन्न गरेको छ। शुक्रबार स्व. जोशीको १३ औं पुण्य तिथिको अवसरमा गेटा आँखा अस्पतालमा श्रद्धाञ्जली सभाको आयोजना गरेको हो।

श्रद्धाञ्जली सभा संघका सभापति ब्रजराज चौधरीको अध्यक्षतामा भएको थियो। कार्यक्रममा गेटा आँखा अस्पतालका निर्देशक डा. सुरेशराज पन्त, नेपाल नेत्र ज्योति संघ सुदूरपश्चिम प्रदेशका सभापति चक्रबहादुर सिंह, कैलालीका सदस्य चेतराज पुनेरु लगायतले स्व. शिवदत्त जोशीको बारेमा चर्चा गरेका थिए। १९८८ कात्तिक २३ गते बैतडीमा जन्मिएका स्व. जोशीको २०६९ माघ २५ गते धनगढीमा निधन भएको थियो। स्व. शिवदत्त जोशी नेपाल नेत्र ज्योति संघ कैलाली शाखाको संस्थापक सभापति हुन्। स्व. शिवदत्त जोशीका छोरा लोकराज जोशी नेपाल नेत्र ज्योति संघ कैलालीको हालका सभापति छन्। श्रद्धाञ्जली सभाको सञ्चालन नेत्रज्योति संघका सचिव नरेन्द्रराज शर्माले गरेका हुन्। कार्यक्रममा कर्मचारी युनियन गेटा आँखा अस्पतालका अध्यक्ष खेमराज उपाध्यायले श्रद्धाञ्जली पत्र वाचन गरेका थिए।

# २३ दिनदेखि अजयमेरु कोटको उत्खनन् जारी

■ अग्नी संवाददाता

डडेल्धुरा, ८ फागुन- डडेल्धुराको अजयमेरु गाउँपालिकास्थित डोटेली राज्यको इतिहास बोकेको अजयमेरुकोटको उत्खनन जारी छ। पुरातत्व विभागको टोलीले २३ दिनदेखि उक्त कोटको उत्खनन जारी राखेको हो।

उत्खननका लागि गाउँपालिकाले ९० लाख विनियोजन गरेको थियो। अजयमेरुकोट कत्युरी राजवंशको उत्कृष्ट कलाशैलीमा निर्माण गरिएको पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत एव पुरातत्वविद् भास्कर ज्ञवालीले बताए। परीक्षोपटक उत्खनन गरी अध्ययन, अनुसन्धान सुरु गरिएको बताउँदै उनले कोटका कलाकृति र निर्माण शैली फरक भएको बताए।

अधिकृत ज्ञवालीका अनुसार उत्खननका क्रममा भग्नावशेषको 'नम्बरिङ' गर्ने काम भइरहेको छ। उत्खननमा प्राप्त विवरण अनुसार बिचमा मण्डप बनाएर दायाँबायाँ देवल बनाउने शैली छ। बैठक कक्ष र नाउला विशिष्ट किसिमका छन्। अजयमेरु कोटलाई विश्व सम्पदा सूचीमा समावेश गराउने प्रयासस्वरूप पुरातत्व विभागको अर्को टोलीले थप अध्ययन गर्ने उनले बताए।

सुदूरपश्चिम प्रदेशका सामाजिक विकास राज्यमन्त्री सरस्वती खड्काले अजयमेरुकोट जस्ता ऐतिहासिक तथा पर्यटकीयस्थलको संरक्षण र प्रवर्द्धनमा तीनै तहका सरकारको ध्यान जानुपर्ने बताए। उनले प्रदेश सरकार यस्ता कार्यक्रममा आवश्यक सहयोग गर्न तयार रहेको बताए। अजयमेरु कोट संरक्षणको महत्व अझ बढ्दै गएकाले स्थानीय तहले संघ र प्रदेश सरकारबाट थप बजेट तथा आवश्यक सहयोग माग गरेको अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेश भट्टले बताए। अजयमेरुकोटको स्थापना १३ औं शताब्दीको उत्तरार्द्धमा कत्युरी वंशका दुई भाइ राजकुमार सहस्त्रपाल र निरयदेव पालले सिञ्जा राज्यसँग लडाइ गरी जितेर स्वतन्त्र राज्य घोषणा गरी कोट स्थापना गरेको किम्वदन्ती छ।

एकथरिले यस कोटलाई राजा नागी मल्लद्वारा निर्माण गरिएको पनि भन्ने गरेका छन्। यद्यपि प्रमाणहरूले यो कोट कत्युरी वंशजका पाल राजाले निर्माण गरेको पुष्टि भएका छन्। अजयमेरुकोटमा प्राचीन दरबारको भग्नावशेष, नाउला, देवल, वीरखम्ब, कलात्मक सिलिङ, राजाको बैठकस्थलसहितका ऐतिहासिक वस्तु छरिएर रहेका छन्। हाल अजयमेरुमा रहेका तीन नाउलामध्ये दुई नाउलाको भग्नावशेष मात्र छन्। एक नाउला पानी खान प्रयोग भइरहेको छ। दुई देवल र नाउलामा कुँदिएका कलात्मक मूर्तीले प्राचीन वास्तुकला झल्काउँछ।

अजमेरुकोटको मुख्य दरबार भएको स्थानको डाँडालाई खोलाले घेरेको छ। तल खोलादेखि माथि कोट भएको स्थानमा पुग्न १५-२० मिनेट उकाली उक्लनुपर्छ। कोट भएको डाँडामाथि दरबार र राजाका भाइभारदार बस्ने हवेली भग्नावशेषका रूपमा देखिन्छन्।

# कैलाली प्रिमियर लिग-३, शुक्लाफाटाको पहिलो जित

■ अग्नी संवाददाता

अत्तरिया, ८ फागुन- धनगढीको फाप्ला खेल मैदानमा जारी कैलाली प्रिमियर लिग-३ मा शुक्लाफाँटा नगरपालिकाको टिमले पहिलो जित हासिल गरेको छ।

पुनर्वास नगरपालिका ए लाई ६ विकेटले पराजित गर्दै प्रतियोगीतामा पहिलो जीत निकालेको छ। पुनर्वास नगरपालिका ए ले दिएको १ सय ५५ रनको लक्ष्य शुक्लाफाँटा नगरपालिकाले १९.३ ओभरमा ४ विकेट गुमाउँदै पुरा गर्यो। शुक्लाफाँटा नगरपालिकाका लागि सुरज तिरुवाको अलराउण्ड प्रदर्शन गरे। उनले बलिङ तर्फ २ विकेट तथा ब्याटिङ तर्फ अविजित ५३ रन बनाए। उनी म्यान अफ दी म्याच चुनिए। शुक्लाफाँटा नगरपालिकाका लागि निराजन गौतम र अशोक विष्टले आक्रामक इनिङ खेले। गौतमले २४ बलमा ३७ तथा विष्टले १४ बलमा ३१ रन बनाए।

त्यस्तै लोकेश जोशीले १३ तथा अशोक धामीले अविजित ७ रन बनाए। पुनर्वास नगरपालिका ए का लागि पारस शाहीले २ तथा निरज ऐर र सन्तोष डियालले समान एक एक विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको पुनर्वास नगरपालिका ए टिमले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १५४ रन बनाएको थियो। पुनर्वास नगरपालिका ए का लागि कप्तान अविनास सिंह र संदिप भण्डारीको जोडीले ६८ रनको साझेदारी गरेको थियो। भण्डारीले ४२ रन कप्तान सिंहले ३९ रन, पारस शाहीले २८ रन बनाएका थिए भने पारस सुनार १३ रनमा अविजित रहे। अन्य ब्याटरले दोहोरो अंकको रन बनाउन सकेनन्। शुक्लाफाँटा नगरपालिकाका लागि कैलाश ऐर र निराजन गौतमले समान दुई दुई तथा सुरज तिरुवा र अशोक धामीले समान एक एक विकेट लिए।

धनगढीको फाप्ला खेल मैदानमा आयोजना भैरहेको कैलाली प्रिमियर लिगको यो तेस्रो संस्करण हो। पहिलो संस्करण कैलालीको टिकापुर नगरपालिकाको टिमले जितेको थियो भने दोस्रो संस्करण डडेल्धुराको आलिताल गाउँपालिकाले जितेको थियो। तेस्रो संस्करणमा सहभागी १२ टोलीलाई चार समूहमा विभाजित गरिएको छ। समूह ए मा गोदावरी नगरपालिका, पुनर्वास नगरपालिका ए र शुक्लाफाँटा नगरपालिका, समूह बी मा घोडाघोडी नगरपालिका, जोगबुढा गाउँपालिका र पुनर्वास नगरपालिका बी,समूह सी मा त्रिवेणी गाउँपालिका, बेदकोट नगरपालिका र धनगढी उपमहानगरपालिका र समूह डी मा भीमदत्त नगरपालिका, लम्कीचुहा नगरपालिका र परशुराम नगरपालिका रहेका छन्। लिग कम नकआउटमा खेलाइने प्रतियोगीतामा हरेक समूहको विजेता टोलीले सेमिफाइनल खेल्नेछ। प्रतियोगीताको विजेता टोलीले नगद २ लाख, उपविजेता टोलीले नगद १ लाख, सर्वोत्कृष्ट खेलाडीले नगद २५ हजार, बेष्ट बलर र ब्याटरले जनही १५, १५ हजार, उदयमान खेलाडीले १० हजार र प्रत्येक खेलको म्यान अफदी म्याचले नगद पुरस्कार सँग प्राप्त गर्ने आयोजक जिल्ला क्रिकेट संघ कैलालीले जनाएको छ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

CTEVT सम्बन्धन प्राप्त व्यवसाय विकास तथा परामर्श केन्द्र (B.B.C) प्रा लि धनगढी, कैलालीको आयोजनामा गोदावरी नगरपालिका वडा नं २ बनखेतमा सिमित सिटमा ३ महीने मन्टेश्वरी शिक्षण तालिम सञ्चालन हुन गइरहेको हुँदा तालिम लिन चाहने इच्छुक व्यक्तिहरूले यथा शिघ्र सम्पर्क गरी आफ्नो सिट सुरक्षित राख्न हुन अनुरोध गरिन्छ ।

सम्पर्क:- ९८४८४२४५५८, ९८१५६३६३८५, ९८६५६४४१३१


## शिवनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

**लक्षित वर्ग तथा अन्य वर्ग सीप विकास तथा प्रविधि सहयोग अन्तर्गत व्यावसायीक मौरिपालन कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।।**

(प्रथम पटक प्रकाशित मिति २०८१/११/०९)

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अन्तर्गत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन महाशाखाको आर्थिक सहयोगमा यस शिवनाथ गाउँपालिका द्वारा सञ्चालित लघु, घरेलु उद्योगमा आधारित सीप विकास तथा प्रविधि सहयोग कार्यक्रम तथा शिवनाथ गाउँपालिकाको सहकार्यमा लक्षित वर्ग तथा अन्य वर्ग समूहमा आधारित सीप विकास तथा प्रविधि सहयोग अन्तर्गत व्यावसायीक मौरिपालन कार्यक्रम सञ्चालन हुने भएकाले ईच्छुक उम्मेदवारले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आ आफ्नो वडा कार्यालय तथा गाउँपालिकाको लघु उद्यम विकास शाखामा कार्यालय समय भित्र आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


*क) शिवनाथ गाउँपालिकाको सहकार्यमा लक्षित वर्ग तथा अन्य वर्गका लागि व्यावसायिक मौरिपालन सीप विकास तालिम तथा प्रविधि सहयोग कार्यक्रम*

स्थानीय तहमा लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसूची १ (दफा ४ को उपदफा (१) र अन्य संग सम्बन्धित) बमोजिम आवेदन पेश गर्नुपर्ने र सो आवेदनको ढाँचा यसैसाथ संलग्न गरिएको छ ।

निवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:-

1. नेपाली नागरिकता वा परिचय प्रमाणपत्रको प्रतिलिपि,
2. तालिम पश्चातको व्यावसायीक योजना (दुई पेज),
3. लक्षित वर्ग/समूह खुल्ने कागजात,
4. एडभान्स तालिमका लागि आधारभूत तालिम हासिल गरेको प्रमाण पत्रको प्रतिलिपि,
5. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

प्रमुख प्रशासकीय अधिकृत
शिवनाथ गाउँपालिका, बैतडी






अनुसूची-१
(दफा ४ को उपदफा (२) र अन्य सँग सम्बन्धित)
सीप विकास तालिमको निवेदनको ढाँचा

PHOTO

श्री ........................

........................।

महोदय,

तहाँ शिवनाथ गाउँपालिका बाट मिति २०८१/११/०९ गते मा प्रकाशित सूचना अनुसार लक्षित वर्गको लागि शिवनाथ गाउँपालिकामा सञ्चालन गरिने ............................................ विषयको सीप विकास तालिममा सरिक हुने मेरो इच्छा भएकोले निम्नानुसारको व्यक्तिगत विवरण सहित यो निवेदन पेश गरेकी/गरेको छु।

| | |
|---|---|
| प्रशिक्षार्थीको नाम, थर (देवनागरीमा) | पेशाः |
| प्रशिक्षार्थीको नाम, थर (अंग्रेजीमा) | जन्ममितिः |
| बाबुको नाम, थरः | हालको उमेरः |
| आमाको नाम, थरः | लिङ्गः |
| बाजेको नाम थरः | वैवाहिक स्थितिः |
| पति/पत्नीको नाम, थर | शैक्षिक योग्यता |
| स्थायी ठेगाना (अंग्रेजीमा समेत) | जातीय वर्गिकरणः |
| नागरिकता प्रमाणपत्र नं. | लक्षित वर्ग |
| जारी जिल्ला | सम्पर्क नं. |
| तालिम पश्चात यसैसाथ संलग्न व्यावसायिक योजना अनुसार सीपको | ई-मेलः |
| उद्योग/व्यवसाय/रोजगारीमा प्रयोग गर्ने दृढ निश्चय गरेको/गरेकी छु। | यस भन्दा अगावै कुनै तालिम लिएको छ/छैन भए उल्लेख गर्नेः |

<u>संलग्न गर्नुपर्ने कागजात</u>

१. नेपाली नागरिकता वा पहिचान प्रमाण पत्रको प्रतिलिपि।
२. तालिम पश्चातको व्यवसायिक योजना (बढीमा दुई पेज)।
३. लक्षित वर्ग/समूह खुल्ने कागजात।
४. एडभान्स तालिमका लागि आधारभूत तालिम हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत